आर्थिक बर्ष २०८२/८३ को

**नीति तथा कार्यक्रम**

साँफेबगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदूरपश्चिम प्रदेश

**२०८२ साल असार १० गते**

www.sanfebagarmun.gov.np

**साँफेबगर नगरपालिका**

**आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम**

**सभाअध्यक्ष ज्यू,**

**नगर सभा सदस्यहरु,**

सभा अध्यक्ष ज्यूको अनुमतिले अब म आर्थिक बर्ष २०८२/०८३ को लागि यस साँफेबगर नगरपालिकाले लिएको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**सभा अध्यक्षज्यू,**

सात दशक लामो अनवरत संघर्षबाट प्राप्त भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको दोस्रो कार्यकालको छैठौ नगर सभामा हामी सहभागी भएका छौं । यो अवसर प्राप्त गर्न हाम्रा धेरै दाजु भाई दिदी बहिनीहरुले विभिन्न संघर्षहरुमा आफ्नो जीवन वलिदान गरेका छन र कतिपयले त अझै सम्म पनि घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहनु परेको छ। सर्वप्रथम यस अवस्था सम्म ल्याइ पुर्याउन आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ती ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र घाइते अवस्थामा रही कष्टकर जीवन व्यतित गरिरहेका दाजु भाई दिदी बहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको संविधान जारी भए पश्चात स्थापित स्थानीय सरकारको दोस्रो कार्यकालको चौथो आ.व. को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विगत एक बर्षमा हामीले गरेका अनुभव, अभ्यास र वस्तुस्थितीको विश्लेषण गर्न भरमग्दुर प्रयत्न गरिएको छ । यो एक बर्षको दौरानमा हामीले प्रयास गरेका कार्य सम्पादनमा समर्थन गर्दै सहयोग गर्नुहुने आम नगरवासी, समाजसेवी, बुद्धिजिवी, पत्रकार, जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

**सभा अध्यक्षज्यू,**

दोस्रो कार्यकालको चौथो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा आज हाम्रो सामुमा रहेको विद्यमान परिस्थितीको बारेमा छोटो विश्लेषण गर्न चाहन्छु । विभिन्न कालखण्डमा भएका संघर्ष र ती संघर्षमा बलिदान गर्नुहुने शहिदको उद्धेश्य मुताविक देशमा स्थिर राजनीतिक व्यवस्था कायम भई आर्थिक र सामाजिक क्रान्तिमा राष्ट्र प्रगतिको पथमा निरन्तर जाने कुरामा धक्का पुगेको आम नागरिकले महसुस गरेका छन। यसै अनुरुप नेपालको संविधानले परिकल्पना गरेको राजनीतिक स्थायित्व मार्फत दिगो विकास र समुन्नत समाजको परिकल्पना साकार गर्ने कुरामा हाम्रो व्यवस्था चुक्दै गएको होकी भन्ने परिरहेको छ । जसले गर्दा देशलाई आर्थिक र समाजिक क्षेत्रमा युद्ध स्तरमा परिवर्तन गर्ने अपेक्षामा निराशा पैदा हुने खालको अवस्था सिर्जना हुँदा हामीले परिकल्पना गरेको परिणाम प्रत्याभूती हुन नसक्ने होकी भन्ने आशंका पैदा भइरहेको छ । आर्थिक क्षेत्रमा आइरहेको मन्दिका कारण सामाजिक क्षेत्र र विकासको क्षेत्रमा अपेक्षाकृत कार्य गर्न नसक्ने अवस्थाले हामीले आशंका गरेको कुरालाई पुष्टि हुन सक्ने अवस्था रहेको छ ।

**सभा अध्यक्षज्यू,**

राष्ट्रिय राजनीतिमा देखा परेको अस्थिरताको संकेत र त्यसबाट प्रभावित भएको अर्थतन्त्रले स्थानीय तहले कार्य सम्पादन गर्दा प्राप्त गर्नुपर्ने सहयोगको कमी र हामीले प्रक्षेपण गरेको आन्तरिक स्रोतको अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकी रहेको र आवश्यकता अनुसारको जनशक्ति अभावका बीच हामीले दोस्रो कार्यकालको चौथो बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं ।

## १. विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

### (क) चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरू

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयन गर्दै सामाजिक न्याय सहितको सामाजिक सांस्कृतिक रुपान्तरणमा जोड दिइएको,

- नगरपालिकामा आउन सक्ने विपद्का घटनालाई मध्यनजर गर्दै घटना बाट हुन सक्ने क्षती हुन नदिन विपद् पूर्बतयारी र विपद प्रतिकार्यका कार्यहरु गर्ने गरी संरचना निर्माण र विस्तार गर्दै लगिएको,
- Faceless, paperless, cashless Governance को अवधारणालाई साकार पार्न नगरपालिकाबाट प्रवाहित हुने सेवाको एकिकरण गर्दै सुचना प्रविधिमा आधारित सेवा प्रवाहलाई प्राथमिकता दिएको,
- नेपाल सरकारले अख्तियार गरेको नीति अनुरुप वाल अधिकार संरक्षणका लागि वालमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यलाई तदारुकताका साथ अगाडि बढाइएको छ,
- पछाडि परेका बर्ग समुदायलाई विकासको मुलधारमा ल्याउन उनीहरुको शिक्षादिक्षा, रोजगारी र आर्थिक उपार्जनका क्रियाकलापमा सहभागिता गर्दै लगिएको,
- पूर्वाधार विकासः स्थानीय जनताको आवश्यकता र सो क्षेत्रको सम्भाव्यताका आधारमा भौतिक पूर्वाधार विकास निर्माणका कार्यलाई अगाडि बढाउदै लगिएको,
- पर्यटन क्षेत्रको विकासः पहिचान नभएका पर्यटकिय क्षेत्रको विकास र प्रचार प्रसार गर्दै यस क्षेत्रभित्र रहेका धार्मिक तथा पुरातात्विक महत्वका पर्यटिकय स्थलको संरक्षण तथा सम्बर्द्धन गर्ने प्रयास गरिएको,
- जलवायू परिबर्तन, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनलाई विशेष ध्यान दिदै विकासका क्रियाकलापहरु गर्दा वातावरणमैत्री ढंगवाट गर्ने कार्यमा प्रयासरत रहि आएको,
- सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिदै पछाडि परेका बर्ग, समुदाय, जात, जाति, क्षेत्र, लिङ्गको सामाजिक न्याय तथा समानताका आधारमा विकासका लाभहरु वितरण, पुनर्वितरण गर्ने तर्फ अग्रसर रहि आएको,
- कृषि तथा पशुपंक्षी क्षेत्रको विकास तथा सम्बर्द्धन गर्दै खाद्यान्न, फलफुल तथा मासुजन्य वस्तुमा नगरपालिकालाई आत्मनिर्भर हुन प्रयासरत रहेको,

**(ख) विद्यमान चुनौती तथा अवसरहरू**

हामीले नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो नगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरेनौं भने हामीले प्राप्त गर्न खोजेको उपलब्धि सुनिश्चित नहुन सक्छ । बुढीगंगा नदी लगायतका विभिन्न खोलाहरुमा बर्षेनी आउने बाढी र अन्य यस्तै प्रकारका विपदका घटनाहरुले जनधनको क्षति पुर्याइरहेको कुरा सर्वविदितै छ ।युवा जनशक्ति पलायन र बढ्दो वसाईसराईले हामीसँग रहेका उर्वर खेतीयोग्य जमिन बन्जर हुन पुगेका छन । लगाइएको बालीनाली पनि प्राकृतिक प्रकोप र जंगली जनावरको आतंकले उत्पादन घट्दो क्रममा छ । जसले समग्रमा देशकै कुल ग्राहस्थ उत्पादनमा प्रभाब पार्छ । भौगोलिक विकटताका कारण स्वास्थ्य क्षेत्रमा अधिकतम प्रयास गर्दा पनि कहींकतै पूर्णरुपमा स्वास्थ्य सेवा व्यवस्थापन गर्न कठिन भइरहेको र तीनै तहका सरकारको स्पष्ट अवधारणा नभएका कारण शिक्षा क्षेत्रमा भौतिक पूर्वाधारको कमी र शैक्षिक सामग्रीको उचित व्यवस्थापन र आवश्यकता अनुसारको दक्ष जनशक्तिको कमीका साथै अनुशासित तथा मर्यादित रुपमा शिक्षण पेशालाई परिभाषित गर्न नसक्दा शिक्षा क्षेत्रलाई अपेक्षाकृत व्यवस्थापन गर्न सकिरहेका छैनौं । विभिन्न क्षेत्रमा  देखापर्ने समस्या र चुनौतीका बाबजुद पनि समथर मैदानी भूभाग देखि उच्च पहाडी क्षेत्र रहेको साँफेबगर नगरपालिकाको उर्वर समथर भूमिमा धान, गहुँ, मकै र उच्च भेगमा रैथाने बाली कोदो, जौ, कागुनु, बेथे जस्ता बालीको उत्पादन र तरकारी फलफूल र दुधको पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि र बजारीकरण गर्न सकेको खण्डमा हाम्रो आर्थिक वृद्धि तथा आर्थिक विकास हुने मात्र नभई यी क्षेत्रमा आत्मनिर्भर हुन सक्ने सम्भावना पनि रहेको छ । नेपालकै चार धाम मध्येको एक धाम बैद्यनाथ धाम, जिमराडी, कालालेकी, धवलछडा, विमकोट दरबार, खप्तड लगायत क्षेत्रको संरक्षण संम्बर्द्धन गर्दै सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा परिचित खप्तड सम्म आवत जावतमा विद्यमान पैदल मार्गलाइ व्यवस्थित गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटक आगमनलाई सुनिश्चित

गरी पर्यटन क्षेत्र बाट पनि साँफेबगर नगरपालिकाको आम्दानीमा वृद्धि गर्नको साथै युवा पलायन र बसाइ सराईलाई रोक्न सक्ने सम्भावना रहेको छ ।

सेतीलोकमार्ग, मध्यपहाडी लोकमार्गको मध्यविन्दुमा रहेको हाम्रो साँफेबगर नगरपालिका साँफेबगर विमानस्थल, नयाँ शहर, बुढीगंगा जलविद्युत जस्ता महत्वाकांक्षी आयोजनाहरु कार्यान्वयनमा रहेका छन । यी लोकमार्गहरुको निर्माण सम्पन्न गर्न सकेमा र साँफेबगर विमानस्थल फराकिलो गरी बढी सिट क्षमता भएका हवाइ जहाजहरु सञ्चालन गर्न सकेको खण्डमा नगरपालिकामा थप आम्दानी गर्न सकिने सम्भावना त्यत्तिकै रहेको छ । यसका साथै बुढीगंगा नदी लगायत अन्य खोलाले बर्षेनीरुपमा क्षति पुर्याउँदै आएको विद्यमान अवस्थालाई नियन्त्रण गर्न सकेको खण्डमा धेरै उर्वरा भूमिबाट उत्पादन वृद्धि गर्न सकिने र यहाँबाट हुने बसाइ सराईलाई नियन्त्रण गरी नगपालिकाले लिएको **सुन्दर समृद्ध साँफेबगर बनाऔं राष्ट्रकै नमूना नगर** भन्ने नारालाई सार्थक बनाउन सकिने अवसर हामीसँग रहेको छ ।

## २. चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

अब म चालु आ.ब.मा हामीले गरेका र गर्न खोजेका कामको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

- यस आर्थिक वर्ष २०८१/०८२ मा यस साँफेबगर नगरपालिकामा संघ, प्रदेश, नगर र वडाका जम्मा ११० वटा योजनाहरु मध्ये रिडीकोट वडा कार्यालय, तुका मा.वि. भवन निर्माण, बुढाबगर-बाब्ला वडा कार्यालय सडक मर्मत र एयरपोर्ट बजार सार्वजनिक शौचालय निर्माण योजनाको निर्माण कार्य सम्पन्न भइसकेको छ र खप्तड स्वास्थ्य चौकी भवन निर्माण योजनाको निर्माण कार्य सम्पन्न हुने चरणमा छ,
- बाँकि रहेका: १०५ वटा योजनाहरु मध्ये १३ वटा योजनाको निर्माण कार्य सम्पन्न भई ३ वटा योजनाको भुक्तानी समेत भइसकेको र बाँकि १० वटा योजनाहरुको भुक्तानी हुन बाँकि रहेको छ,
- शिक्षा क्षेत्रतर्फका क्रियाकलापहरुमा साक्षरता दिवसको अवसरमा अतिरिक्त क्रियाकलाप सम्पन्न गरिनुका साथै प्र.अ. तथा जनप्रतिनिधिहरुलाई रिअल तथा अतिरिक्त कक्षा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ,
- कक्षा ८ मा अतिरिक्त कक्षा संचालन तथा बार्षिक परिक्षा संचालन तथा व्यवस्थापन गरिएको,
- शिक्षा विकास तथा समन्वय इकाईको आर्थिक तथा प्राविधिक सहयोगमा २५ जना शिक्षकहरुलाई नयाँ पाठ्यक्रम सम्बन्धी १ दिने सहजीकरण कार्यक्रम सम्पन्न गरिनुका साथै अग्रेजी विज्ञान तथा गणित विषयका शिक्षकहरुलाई १ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ,
- नगर प्रमुख तथा राष्ट्रपति रनिङ छनौट प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ,
- सिप विकास तालिम केन्द्द धनगढि र साँफेबगर नगरपालिका को सहकार्यमा २० जना सहभागिलाइ ३ महिने सिलाइकटाइ तालिम दिइएको छ, ती मध्ये १८ जना सहभागिलाइ एडभान्स सिलाइ कटाई तालिम प्रदान गरिएको छ,
- यस नगरपालिकाको स्थानीय तह स्वमूल्याङ्कन (लिसा) मा ७७.५ प्रतिशत FRAP ८३ प्रतिशत अंक प्राप्त भइ नगरपालिकाको गरिमालाई उँचो बनाउने कार्य भएको छ,
- यो आर्थिक बर्षभित्र नगरपालिका सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि विभिन्न ऐन, नियमावली, कार्यविधी, मापदण्ड र आचारसंहिता संशोधन र निर्माण भएका छन,
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १५ घरधुरीलाई जस्तापाताको छानामूनी ल्याउने प्रक्रियामा रहेका छन,
- तीजको अवसरमा वडा स्तरीय न्याउले र ठाडी भाका प्रतियोगिता संचालन गरी नगरक्षेत्रको सांस्कृतिक पहिचानलाई जीबन्त बनाउने प्रयास गरिएको छ,
- लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरी लैङ्गिक हिंसा विरुद्धका विभिन्न कार्यक्रमहरु संचालन गरियो,
- लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा १३५ जनालाई प्रदान गरिएको जसमा शारिरिक हिंसा ६२ जना, मानसिक ६९ जना, बहुविवाह ३ जना, स्रोत साधनबाट बञ्चित १ जना,

- बालश्रम न्युनीकरणका लागि अभिमुखिकरण गरी बालश्रममा रहेका १५२ जना बालबालिकाको तथ्याङ्क संङ्कलन गरिनुका साथै वालश्रममा रहेका वालवालिकाहरुको पुनर्स्थापनाका लागि पहल गरिदै आएको छ,
- अपाङ्गताको पहिचानका लागि नाक, कान, घाँटी र हाडजोर्नी सम्बन्धी चेकजाँच शिविर संचालन गरी सम्पन्न गरिएको छ,
- युवा सहजकर्ता -१, सामाजिक सहजकर्ता-१, करारबाट पदपुर्ती गरिनुका साथै नगर प्रहरी प्रमुख १ जना, नगर प्रहरी ९ जना, रोजगार संयोजक १ जना सामाजिक मनोसामाजिक संयोजक १ जना र देबीस्थान स्वास्थ्य चौकीका लागि १ जना कार्यालय सहयोगीको विज्ञापन भएको छ,
- ३ जना अधिकृत स्तरका कर्मचारीहरु र १ जना सहायक कर्मचारीले सेवाकालीन प्रशिक्षण तालिम प्राप्त गरेको छ,
- सवै करार कर्मचारीहरुको करार सम्झौता भएको छ,
- सबै कर्मचारी र जनप्रतिनिधिहरुको सम्पत्ति बिवरण यस कार्यालयमा दर्ता गरी अनलाइन प्रविष्टि गरिनुका साथै प्रदेश कार्यालयमा पेश भएको छ,
- कार्यालयमा कार्यरत सबै स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्यांङ्कन फाराम संकलन गरी मूल्याङ्कन गरिएको,
- खाली दरबन्दि रहेका सहायक स्तरका ९ जना कर्मचारी प्रदेश लोकसेवा आयोगबाट माग गरिएको छ,
- संघ, प्रदेश, स्थानीय तहका साथै अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसंग समन्वय, सहजीकरण सहकार्य भई कार्य गरिएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नयाँ नाम दर्ता ६६८ जना, सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण ५५३२ जना तथा लगतकट्टा ६८५ जनाको गरिएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई भत्ता वितरणतर्फ पहिलो त्रैमासिकमा ५७३१ जना लाभग्राहीलाई रु. ४१५४०३९८, दोस्रो त्रैमासिकमा ५७८६ जना लाभग्राहीलाई रु. ४१८५२५३२ तेस्रो त्रैमासिकमा ५६९७ जनालाई रु. ४१७३३९११ वितरण गरिएको,

- व्यक्तिगत घटना दर्तामा जन्म दर्ता संख्या ९९३, मृत्यु दर्ता संख्या २९३, सम्बन्ध विच्छेद दर्ता संख्या ०३, विवाह दर्ता संख्या ३४७ र बसाईसराई दर्ता संख्या १७२ (बसाईसराई सरी आउने सदस्य संख्या ३३ जना र बसाईसराई सरी जाने सदस्य संख्या ४६० जना ) रहेको,
- १४ वटै वडा कार्यालय तथा शाखाको लागि बायोमेट्रिक भेरिफिकेशन उपकरण खरिद गरिएको छ,
- वडा कार्यालयमा कार्यरत वडा सचिव तथा वडा सहजकर्ताहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सूचना व्यवस्थापन प्रणालीमा बायोमेट्रिक भेरिफिकेशन सम्बन्धी तालिम सम्पन्न गरेको,
- नगरपालिकाको हालसम्मको आन्तरिक राजस्व संकलन रकम रु. ७१,४६,७४७.१८।- रहेको छ,
- ७ वटा घरजग्गा नक्सा पास हुनुका साथै भूमि सम्बन्धी समस्या समाधान आयोगको ४९९ वटा भूमिहिन सुकुम्वासीहरुको फारामहरु प्रविष्टिको कार्य सम्पन्न भएको
- कानून शाखामा दर्ता भएको आर्थिक लेनदेनको विवाद संख्याः १ फर्छ्यौट भएको,
- आ.व. २०७९।०८० को स्वास्थ्य कार्यक्रमहरूको वार्षिक समिक्षा सम्पन्न गरिएको छ,
- Cervical cancer, आकस्मिक गर्भनिरोधक, HPV खोप कार्यक्रम, सम्बन्धि स्वास्थ्यकर्मिहरु तथा सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न,
- पोषण कार्यक्रम, क्षयकुष्ट कार्यक्रम र प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमको समिक्षा गरिएको छ,
- कृषि मेला प्रदर्शनी कार्यक्रम सम्पन्न गरिएको साथै कृषि तथ्याङ्क संकलन कार्य भैरहेको छ,
- न्यूनतम रोजगारीका लागि आ.व. २०८१/०८२ का लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा ७१९ जना बेरोजगारको सूचीमा सूचिकृत भएका छन,

- न्यूनतम १०० दिनको रोजगारीमा सामुदायिक आयोजना अन्तर्गत ३६ जना र यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा ४० जना सूचिकृत बेरोजगार व्यक्ति गरी जम्मा ७६ जनाले रोजगारी पाएका छन,
- युवा रोजगारी अन्तर्गत ५० दिनको तालिममा १५ जनालाई डकर्मी र २५ जना लाई सडक मर्मत तालिम प्रदान गरिएको छ,
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत ६ वटा आयोजना सम्पन्न भएको छ,
- यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत १६ वटा आयोजना सम्पन्न भएको छ,
- आ.व. २०८२/०८३ को लागि बेरोजगारको निवेदन दर्ता गरेका २४०२ जना बेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अनलाइन प्रविष्टि गरिएको छ,
- रोजगार सम्वाद मञ्च सञ्चालनका साथै **श्रमको सम्मान राष्ट्रको अभियान** नामक कार्यक्रम सञ्चालन भएको,
- रोजगारीमा खटिनु पूर्व न्यूनतम १०० दिनको रोजगारीमा छनौट भएका बेरोजगार व्यक्ति र रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको,

**सभा अध्यक्षज्यू,**

**३. आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू**

**१. आर्थिक विकासको अवस्था**

**१.१ कृषि तथा खाद्य सुरक्षा**

- नगरपालिका भरिका कृषिजन्य उत्पादनको तथ्याङ्क संकलन तथा कृषिजन्य बस्तुहरुको आयात निर्यातको सर्वेक्षण गरी कृषि योजना बनाइने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- तरकारी जन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषकहरुको आर्थिक स्थिति सुधार गर्ने तरकारी पकेट क्षेत्र स्थापना तथा सञ्चालन गरिनेछ।
- कृषकहरुलाई धैरै मुल्य भएका एभोकार्डो, किवी, कफि खेती, बोधिचित्त लगायतका फलफुल उत्पादन तथा प्रबर्द्धनका लागि प्रोत्साहन गरिनेछ,
- व्यवसायिक कृषि फार्म कृषक समूह सञ्चालन गर्ने विशेष अनुदानको व्यवस्था गरी युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गराइने नीति लिइनेछ,
- विभिन्न वालीमा लाग्ने किरा तथा रोगहरुको रोकथाम तथा नियन्त्रण गर्ने र वाली उपचार शिविर संचालन तथा कृषि विमालाई जोड दिई कृषिमा हुने क्षतीलाई न्यूनिकरणमा जोड दिइनेछ,
- करेसाबारी स्थापनाका लागी हिउँदे तथा बर्से तरकारी बालीहरुको मिनिकिट वितरण गरीनेछ,
- विभिन्न बालीमा उत्पादनमा आधारित प्रोत्साहन तथा सम्मान कार्यक्रम संचालन गरीनेछ,
- छिटो प्रतिफल दिने धैरै मुल्य भएका फलफुल तथा तरकारी वाली उत्पादन तथा वजारीकरणका लागि कृषि विकास क्षेत्रमा कार्य गर्ने निकायसंग समन्वय गरि सहयोग जुटाउन पहल गरिनेछ ।
- भकारो सुधार कार्यक्रम, तरकारी बालिहरुमा कृषक पाठशाला जस्ता कार्यक्रम संचालन गरीनेछ,
- खाद्यान्न, फलफुल तथा मसलावालीको उत्पादन बृद्धिका लागि उन्नत जातका वीउ वितरण गरिनेछ,

**१.२ कृषकहरुको क्षमता अभिबृद्धि तथा कृषि उपकरण कार्यक्रम तर्फ**

- नगरभित्रका कृषकहरुको क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ,
- कर्मचारी, जनप्रतिनिधिहरु, व्यापारीहरुसंग वजारीकरण सम्बन्धी अन्तर्क्रिया गोष्ठि संचालन गरिनुका साथै कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन,
- कृषकहरुको उत्पादन तथा व्यवसायहरुलाई उत्साहित तथा प्रोत्साहन गर्नका लागि कृषि मेला प्रदर्शनी संचालन गरिनेछ,
- विउँ भण्डारणका लागि २५ प्रतिशत अनुदानमा वितरण कार्यक्रम संचालन गरिनेछ,
- गहुँ चुट्ने थ्रेसर र धान बताउने पंखा लगायतका कृषि उपकरणहरु वितरण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ,
- उत्पादित वस्तुहरुको भण्डारणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

- नगपालिकाको स्वामित्वमा रहेको चिस्यान घरलाई सञ्चालनमा ल्याइनेछ ।
- किसान परिचयपत्र वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१.३ पशुपंछी**

- साँफेबगर नगरपालिका अन्तर्गत १४ वटै वडामा पशुपन्छी तथ्यांक संकलन र पशु जन्य उत्पादनको तथ्यांक संकलन गरी हाल नगरपालिकामा रहेको पशुजन्य पदार्थको आयात तथा निर्यातको बारेमा सर्वेक्षण गर्ने नगरस्तरीय पशु विकास योजना/प्रोफाईल तयार गरिनेछ,
- पशु विकास योजना/प्रोफाईल र नगर कार्यपालिकाको सुझाबको आधारमा साँफेबगर नगरपालिकामा रहेका पशुपालक कृषक उद्‌यमी तथा व्यवसायिहरुलाई सहयोगका कार्यक्रममा आबद्‌ध गरिनेछ,
- नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालय को दुध, मासु र अण्डामा आत्मनिर्भर गर्ने भनि लियको नीति तथा लक्ष्य अनुसार नगरपालिकालाई आत्मनिर्भर बनाउन पशु/पंक्षी पालन व्यवसाय संचालन गर्न युवा जनशक्तिलाई प्रोत्साहन गरी युवा लक्षित कार्यक्रमलाई जोड दिईनेछ,
- पशुपालन व्यवसायको मुख्य आधार घाँस विकासको लागि नगरपालिका भित्र सम्भाव्यता अध्ययन गरी विभिन्न किसिमका घासका नर्सरी स्थापना गर्ने, हिउदे, बर्षे र बहुबर्षे घाँसका विउ उत्पादनमा कृषक हरुलाई प्रोत्साहन गरी घाँस प्रबर्द्‌धनमा जोड दिईने छ, साथै बनजंगल तथा जमिनको उर्बरा शक्ति क्षय हुन नदिन डालेघाँस रोपण गरी घाँस पकेट क्षेत्र विकास गरिनेछ |
- स्वच्छ मासु र दुध उपभोग गर्न पाउने उपभोक्ताको अधिकार लाई सुनिश्चित गर्न दुध संकलन केन्द्र, पशु बधशाला, मासु पसल र डेरी पसल स्थापना गरी/गराई नेपाल सरकारको मापदण्ड अनुसार व्यवस्थित गरिनेछ, यसको लागी पशु सेवा शाखा, नगरकार्यपालिका र सम्बन्धित निकायबाट अनुगमन र निरिक्षणको ब्यवस्था मिलाईनेछ |
- पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि पशु हाटबजार स्थापना, प्रबर्द्‌धन र विस्तार गर्ने कार्यलाई अगाडि बढाइनेछ,
- पशुपन्छीमा लाग्ने विभिन्न किसिमका रोगहरुको नियन्त्रण तथा निवारण गर्न र पशु रोग निदानको लागि पशु ल्याब संचालन गरी पशुधनको संरक्षण गरीनेछ, साथै विभिन्न रोगको उपचार तथा खोप लगाउने र पशु विमाको व्यवस्था मिलाईनेछ |
- उन्नत नस्ल/जातका पशुपन्छीहरुलाई प्राथमिकता दिई पशुजन्य उत्पादनलाई बढाउनको लागी प्राकृतिक पशु प्रजनमा उन्नत पाडा, साँढे र बोका वितरण गरिनेछ भने कृतिम पशु प्रजननको लागी राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा र मातहातका निकाय संग समन्वय गरी कृतिम गर्भाधान सेवा विस्तार गर्न पहल गरिनेछ |
- वर्तमान अवस्था सुहाउदो आधुनिक प्राबिधिक सेवा दिनको लागी प्राबिधिक कर्मचारीको क्षमता अभिबृदी गर्न गरी नगरपालिकाको सबै वडामा पशुपालन तथा व्यवसाय सम्बन्धि प्राबिधिक सेवा दिन उचित व्यवस्था मिलाइनेछ |
- विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण र सम्वर्धनमा विशेष जोड दिईनेछ,
- पशुपन्छीको विकासको क्षेत्रमा काम गर्ने अन्य दातृ निकाय संग समन्वय गरी आवश्यक आर्थिक, भौतिक तथा प्राबिधिक सहयोग जुटाउन पहल गरिनेछ |
- संक्रमण तथा महामारी रुपमा फैलने पशुपन्छी रोगहरुलाई रोक्नको लागी अन्तर प्रदेश, जिल्ला र अन्य बाह्य क्षेत्रमा आयात निर्यात गरीने पशुपन्छी तथा पशुजन्य पदार्थको गुणस्तर निर्धारण गरिनेछ र सोको लागी अनुगमन निरक्षण गर्ने व्यवस्था मिलाई आयात निर्यातमा भेटनरी निरीक्षकको सिफारिस अनिवार्य गरिनेछ |
- हाल विभिन्न हिउदे, बर्षे, बहुबर्षे तथा डालेघाँसको बिउ बाहिरी जिल्ला बाट ल्याउनु पर्ने अवस्थालाई कम गरी आगामी ३ वर्ष भित्र नगरपालिका भित्र घाँसको श्रोत स्थापना गर्ने |

**१.४ पर्यटन, सँस्कृति तथा साहित्य**

- नगरभित्र सञ्चालनमा रहेका होमस्टेको तथ्यांक संकलन गरी यसको प्रचार प्रसार तथा प्रवर्धन गरि आन्तरिक पर्यटन विकासमा सुधार गरिनेछ,
- पर्यटन क्षेत्रको विकास र प्रर्वधन गर्न आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्दै पूर्वाधार विकास गरिनेछ,
- नगरभित्रका लोकसंस्कृति, रितिरिवाज, रहन, सहन परम्परा र पञ्चैबाजाको संरक्षण र सम्बर्धन गरिनेछ,
- पर्यटन पूर्वधार विकासमा स्थानीय संघ संस्था, समुदाय तथा नीजि क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गर्ने नीति अबलम्वन गरिनेछ,
- भाषा, कला, संस्कृतिको संरक्षण तथा साहित्य सम्बन्धी विभिन्न साहित्यिक तथा साँस्कृतिक कार्यक्रम आयोजना गरिनेछ,
- सुदूरपश्चिम प्रदेशकै पर्यटकीय गन्तव्यको रुपमा रहेको खप्तडमा केवुलकार सेवा सञ्चालन गर्न केबुलकार सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ,
- खप्तड पर्यटन क्षेत्रमा पर्यटकहरुको सहज पहुँचका लागि बुढाकोट देखी लौरी चढाउने सम्म पदमार्ग निर्माणका लागि पहल गरिनेछ,
- पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- अछाम जिल्ला यस क्षेत्रका प्रथम साँसद स्वः श्री दिल बहादुर बुड्थापाको सालिक निर्माण गरिनुका साथै वि.सं. २०३४ साल भाद्र ४ गते साँफे घटनामा सहादत प्राप्त गरेका शहिदहरुको सालिक निर्माण तथा स्मारक बनाइनेछ ।

**१.५ घरेलु तथा साना उद्योग, वाणिज्य, व्यापार, व्यवसाय र आपूर्ति**

- गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि छनोट भएका वडाहरुमा कार्यक्रमको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि उद्यमशिलता विकास तालिम तथा आवश्यकताका आधारमा विभिन्न किसिमका सिप विकास तालिम सञ्चालन गरि उद्यमिलाइ उपयुक्त प्रविधि हस्तान्तरणमा आवश्यक सहयोग गरिनेछ,
- उत्पादित वस्तुको ब्राण्डिङ, प्याकेजिङ, डिजाइनिङ गर्ने, वस्तु तथा सेवालाई बजारीकरण गर्ने साथै उत्पादित बस्तुलाई मेला प्रर्दशनिमा राखी बस्तु बिक्रि र व्यवसाय परामर्शमा सहजीकरण गरिनेछ,
- स्थानीय स्रोत र साधन, सीप, प्रविधि र श्रममा आधारित लघु तथा घरेलु उद्योगलाई प्रवर्धन गर्दै यस्ता उद्योग सञ्चालनको लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ,
- युवा तथा उद्यमीहरुलाई नविनतम व्यवसाय सुरु गर्न आवश्यक क्षमता विकास प्रविधि हस्तान्तरण वित्तिय पहुँचमा सहजीकरण र बजारीकरणका कार्यक्रमसँग क्रमश आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम सञ्चालनमा सहजीकरण गरिनेछ ।
- परम्परागत सीप (डोको, डालो, थुन्चे, दाम्ला, दुना, टपरी, आदी) तयारी गर्ने व्यक्तिहरुलाई सीप स्तरीकरण र प्रोत्साहन सहयोग तथा उत्पादित सामग्रीहरुको बजारीकरण गर्न स्थायी स्टल निर्माणमा सहजिकरण गरिनेछ ।
- परम्परागत सिपालु कामदार (जस्तैः डकर्मी, सिकर्मी, सिलाई कटाई गर्ने आदी) लाई सीप परिक्षणका लागि सहयोग गरिनेछ ।
- उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरि उत्पादित बस्तु तथा सेवाको गुणस्तरमा सुधार, बजार अनुगमन र स्थानीय उत्पादनका सामाग्रीहरुको प्रबर्द्धन गरिनेछ ।
- उद्योग तथा वाणिज्य क्षेत्रले समाजमा निर्वाह गर्नुपर्ने व्यवसायिक सामाजिक उत्तरदायित्वका बारेमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- नगरभित्र सञ्चालित बैंक तथा बितीय संस्थासँगको आपसी समन्वय सहकार्यबाट लघु तथा साना उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ ।

**१.६ सहकारी**

- केन्द्रीय संघको साझेदारीमा सहकारी आधारभूत क्षमता विकासको लागि (आधारशिला) बिशेष कार्यक्रम सञ्चालन गरिनुका साथै सहकारी शिक्षा तथा अभिमूखिकरण कार्यक्रम गरिनेछ,
- सहकारी व्यवसाय प्रवर्दन, नेतृत्व तथा सस्थागत विकास, कोपोमिस तथा सहकारी लेखा व्यवस्थापन जस्ता तालिमहरु संचालन गरी सरोकारवालाहरुको क्षमता अभिबृद्धि गरिनेछ,
- सहकारी संस्थाहरुको तथ्यांङ्क संकलन नियमित अनुगमन तथा नियमन गर्दै सहकारी प्रर्वद्घन गरिनुका साथै संस्थागत सुशासन कायम गराउने प्रयत्न गरिनेछ ।
- सहकारी संस्थालाई एकीकरण गर्ने कार्य अगाडी बढाई मौज्दात पूँजि धेरै भएका तथा सञ्चालनमा रहेका सहकारी संस्थाको व्यवस्थापन गरिनेछ ।
- सरकारी, नीजि क्षेत्र र सहकारी बिचको सहकार्य र साझेदारीमा उत्पादन र सेवामूलक उद्योग, कृषि व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## २ सामाजिक विकासको अवस्था

### २.१ स्वास्थ्य

- नगरपालिकाका स्वास्थ्य संस्थाहरुलाई आवश्यक औषधि तथा औजार उपकरण खरिद तथा व्यवस्थापन गरिनेछ,
- Ultra sound कार्यक्रम, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम गरिनेछ,
- SBA तालिम, Healthy Baby competition, विध्यालय स्वास्थ्य तथा पोषण जस्ता कार्यक्रम निरन्तर संचालन गरिनेछन,
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुको यातायात खर्चको व्यवस्थापन गरिने, महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका वार्षिक समिक्षा, स्वास्थ्य शाखाको बार्षिक समिक्षा र स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरु मनाइनेछन,
- नगर प्रमुख संग जेष्ठ नागरिक स्वास्थ्य शिबिर र नगर उप-प्रमुख संग सुनौला हजार दिनका परिवारहरुलाई कोशेली कार्यक्रम सञ्चालन गरिनेछ,
- नगरपालिकाका थप ४ वटा स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतन सेवा संचालन गरिनेछ,
- नगरपालिकाको Health Profile निर्माण गरिने कार्यलाई तदारुकताका साथ अगाडि बढाइनेछ,
- वयलपाटा अस्पतालबाट संचालित सामुदायिक स्वास्थ्य कार्यक्रम आगामी आर्थिक बर्षमा पालिकाबाट साझेदारी गरिनेछ,
- प्रजनन स्वास्थ्य रुग्णता (पाठेघर खस्ने, फिस्टुला, पाठेघरको मुखको क्यान्सर, बाझोपन, स्तन क्यान्सर) लाई पहिचान र सम्बोधन गर्न समुदायस्तरमा एकिकृत प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था स्थापना गरी सुदृढिकरण गर्दै लगिनेछ ।

### २.२ शैक्षिक विकास

- "श्रम र पसिनाको सान - कर्मचारीको सम्मान" भन्ने नाराका साथ विद्यालय लेखा कर्मचारी, कार्यालय सहयोगी, बाल विकास शिक्षकहरुलाई प्रेरित गर्न नगरबाट साझेदारी गर्नुपर्ने पारिश्रमिकमा आवश्यक साझेदारी गरिनेछ ।
- नगर शिक्षक तथा सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिनेछ साथै सामुदायिक सिकाइ केन्द्रलाई क्रमशः सामुदायिक सिकाई तथा सुचना केन्द्रका रुपमा विकास गरिनेछ ।
- " भरपर्दो तथ्याङ्क, भरपर्दो सिकाइ " भन्ने आदर्शका साथ विद्यालयका सबै तथ्याङ्कहरुलाई विद्यालय मार्फत व्यवस्थित गरी सत्य तथ्य विवरण उपलवध गराउने विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
- "विद्यालयमा सबैको सार्थक सहभागिता - सामुदायिक विद्यालयको रुपान्तरण तथा गतिशिलता" भन्ने नाराका साथ शिक्षकलाई पेशागत रुपले दक्ष र शिक्षण सिकाई प्रति प्रतिवद्ध एवं जिम्मेवार बनाइनेछ ।

- नगरपालिका स्तरीय विषयगत शिक्षक सञ्जाल (Teacher Network) गठन गरी उक्त सञ्जाललाई पेशागत क्षमता विकासका लागि सिकाई थलो र विद्यालयलाई सिकाइ संगठनको रुपमा विकास गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा स्मार्ट शिक्षा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ साथै विद्यालयहरुलाई STEAM (Science, technology, engineering, architecture र Mathematics) कार्यक्रमका लागि प्रोत्साहन गरिनेछ ।
- सिकाइमा सुधार आधारभूत तहबाट गरौ भन्ने नाराका साथ तल्ला कक्षाहरुको पठनपाठन र व्यवस्थापनमा विशेष ध्यान दिन विद्यालयलाई अभिप्रेरित गरिनेछ । आवश्यकताका आधारमा शैक्षिक सामाग्री उपलब्ध गराइनेछ ।
- प्रत्येक कक्षाको सिकाइ उपलब्धी वृद्धि गर्न विषयगत शिक्षकलाई शिक्षण सुधार योजना (Teaching Improvement Plan -TIP) निर्माण गर्न लगाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालयमा क्रमशः न्यूनतम् भौतिक पूर्वाधारको अवस्था (कक्षाकोठा, फर्निचर, शुद्ध खानेपानी, शौचालय पुस्तकालय, आइसिटी तथा विज्ञान प्रयोगशाला) सुनिश्चित गरिनेछ ।
- विद्यालय छोड्ने दर न्यूनीकरण गर्न पहल गरिनेछ । सामुदायिक सिकाइ केन्द्र, वडा कार्यालय र विद्यालय मार्फत विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी विद्यालयमा ल्याउन आवश्यक प्रवन्ध गरिनेछ।
- नगरस्तरीय परीक्षाको विश्वसनियता र वैद्यता सुनिश्चित गर्दै नगरस्तरीय परीक्षालाई व्यवस्थित गरिनेछ । विद्यालय स्तरीय परीक्षाका लागि नगरपालिकाबाट प्रश्नपत्र तथा उत्तरपुस्तिका उपलब्ध गराइनेछ ।
- विद्यार्थिको सिकाई उपलब्धी अभिवृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ । शिक्षक तथा कर्मचारीको पेशागत दक्षता विकासका लागि मागमा आधारित कष्टमाइज्ड तथा पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ।
- बालबालिकाको सर्वाङ्गीण विकासका साथै अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन विद्यालयमा नियमित खेलकुद, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापहरु आयोजना गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार नगर शिक्षा योजनाको समायानुकुल संसोधन गरी क्रमशः कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।
- प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा कक्षा ६ देखि १२ सम्मका बालिकालाई स्यानिटरी प्याड र सबै बालबालिकालाई पाठ्यपुस्तक र विपन्न लक्षित छात्रवृत्ति छनौटमा परेका बालबालिकालाई छात्रवृति उपलब्ध गराइनेछ ।
- आर्थिक रुपले विपन्न तथा दलित विद्यार्थीहरुलाई शैक्षिक बृत्तिका लागि पहलमान सिंह स्वार छात्रबृत्ती व्यवस्था गरिनेछ ।
- विद्यार्थी संख्या र भौगोलिक दुरीलाई मध्यनजर गरी गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न शिक्षकको व्यवस्थापन तथा विद्यालय एकिकरण गर्न प्रोत्साहित गरिनेछ ।
- बालबालिकालाई कुलत र कु-संस्कारबाट जोगाउन विद्यालय नजिक धुम्रपान, सुर्ति, चुरोट र मदिराजन्य पदार्थ विक्रि वितरणमा रोक लगाइनेछ ।
- विद्यालयको अभिलेख व्यवस्थापन र चल अचल सम्पतिको संरक्षण गरी विद्यालयलाई स्वच्छ, सफा र हरित विद्यालयका रुपमा विकास गर्न विद्यालयलाई फोहोरमैला व्यवस्थापन, घेरवार, बगैचा निर्माण र वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ ।
- शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिइ तथा नवप्रवर्तनलाई अंगिकार गर्न विद्यालयहरुको आवश्यकतामा आधारीत ICT सामाग्री तथा शिक्षकहरूलाई सूचना प्रविधिमा आधारित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रलाइ व्यवस्थित गर्दै साक्षरता शिक्षा, निरन्तर शिक्षा, अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

- बृहत यौनिकता शिक्षा र किशोरकिशोरी मैत्री सुचना तथा शिक्षामा जोड दिइनुका साथै रुपान्तरण कक्षाहरु सञ्चालन गरिनेछ ।
- माध्यामिक विद्यालयमा रुपान्तरण कक्षा सञ्चालन गर्ने साझेदार संस्थासंग साझेदारी गरीनेछ ।
- स्थानीय पाठ्यक्रममा आवश्यक परिमार्जन तथा स्थानीय पाठ्यक्रमको पठनपाठनलाइ व्यवस्थित गर्न पाठ्यपुस्तक लेखन तथा छपाइका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- उत्कृष्ट शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- अन्तरविद्यालय प्रतिस्पर्धाका लागि नगरस्तरीय प्रतिस्पर्धात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछन्।
- विपन्न दलित जेहेन्दार विद्यार्थीहरुको शिक्षा तथा पठनपाठनका लागि छात्रबृत्तीको व्यवस्था गरिनेछ ।

**क. युवा तथा खेलकुद विकास तर्फ**

- राष्ट्रपति रनिङ शिल्ड तथा नगर प्रमुख कपलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न नगरस्तरबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- नगरपालिका खेलकुद क्षेत्रको विकास र प्रवर्द्धन गर्न विद्यालय तथा वडा स्तरमा विविध विधाका खेल सञ्चालन गर्नुका साथै क्रमशः आवश्यक पूर्वाधार विकास गरिनेछ ।
- विद्यालय स्तरमा खेलकुदका गतिविधि सञ्चालन गर्न खेल प्रशिक्षक खटाइनुका साथै विद्यालयलाई न्युनतम खेल सामाग्री उपलब्ध गराइनेछ ।
- स्थानीय तहका योजना तर्जुमा, कार्यन्वयन, मूल्याङ्कन तथा उपलब्धीको न्यायोचित वितरणसम्मका चरणहरुमा यूवाहरुको अर्थपूर्ण सहभागीतामा जोड दिइनेछ ।
- नगरको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण तथा विकास निर्माणमा युवाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।
- यूवा शक्तिलाई संगठित गरि विपद जोखिम न्यूनिकरण, राहत, उद्दार तथा जनचेतना अभिवृद्धि लगायतका सामाजिक कार्यमा परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- युवालक्षित सिपमूलक तालिम संचालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्न विशेष पहल गरिनेछ ।
- विभिन्न युवाक्लबहरू तथा युवालक्षित संघ संस्थाहरूसंग सहकार्य गर्दै युवाहरूमा नेतृत्व विकासको अवसरहरू प्रदान गरिनेछ ।
- नगरपालिका भित्र रहेका विभिन्न युवा क्लवहरूलाई समाज सुधार तथा विकास कार्यमा आवद्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- नगर प्रमुख तथा नगर उप-प्रमुख खेलकुद प्रतिस्पर्धा कार्यक्रमका लागि विभिन्न विधाका खेलहरु सञ्चालन गरिनेछन ।

**२.३ खानेपानी तथा सरसफाइ**

- सफा सुन्दर साँफेबगर बनाउन बजार क्षेत्रमा हुने फोहोर व्यवस्थापनलाई कुहिने र नकुहिने फोहोर बर्गिकरण गरी फोहोर व्यवस्थापनमा जोड दिइनेछ,
- डम्पिङ साइटको उचित व्यवस्थापन गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।
- प्लाष्टिकजन्य फोहोरमैला डिस्पोज मेसिन लगायतका अन्य सामग्री व्यवस्थापन गरिनेछ ।
- एक घर एक धारा नीतिलाई अवलम्बन गर्दै सवैलाई सफा खानेपानी व्यवस्थापनको लागि पहल गरिनेछ साथै खानेपानी उपभोक्ता समितिलाई गठन परिचालन र दर्ता गर्ने व्यवस्था मिलाइनेछ,

**२.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- मनोसामाजिक परामर्श आवश्यक भएका व्यक्तिहरुलाई मानसिक स्वास्थ्य परामर्श सेवा उपलब्ध गराइनेछ,
- लैंगिक हिंसा निवारण कोषलाइ निरन्तरता दिने र आपतकालीन बाल राहत कोषलाई निरन्तरता दिइनेछ
- ज्येष्ठ नागरिकसँग नगर प्रमुख कार्यक्रम संचालनका साथै नगर उप-प्रमुखसंग कोसेली कार्यक्रम अन्तर्गत १४ वटै वडाका महिलाहरुलाइ विकासका साझेदारहरु संगको समन्वयमा फ्रिडम किट ब्याग वितरण गरिनेछ,

- सामाजिक, आर्थिक र राजनीतिक रुपले पछि परेका विपन्न, दलित तथा एकल महिलाहरुलाई क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गता शिविर संचालन गरिनेछ ।
- बालबालिकाहरुको हक, अधिकार संरक्षण, संम्बर्द्धंन र बालविवाह न्युनीकरणका लागि गठन गरिएका बालक्लबहरुको क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनुका साथै वालक्लबहरुलाई लागुपदार्थ दुर्ब्यसनी न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ,
- आमा वा बुवा गुमाएका तथा विपन्न र जोखिममा रहेका बालबालिकाहरुका लागि सहयोग तथा सशक्तिकरण गर्ने नीति लिइनेछ ।
- लैंगिक विभेद, जातीय विभेद, घरेलु हिंसा, महिला हिंसा र हानिकारक अभ्यासहरु न्यूनीकरण तथा सम्बोधन लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला विकास कार्यक्रमद्वारा प्रवर्दित महिला सहकारी संस्थाहरुको सुदृढीकरण गरिनेछ ।
- ग र घ वर्गको अपांगता भएका बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरिनेछ ।
- लैंङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना कार्यक्रम अन्तर्गत सबै वडामा सामुदायिक मनोसामाजिक कार्यकर्ता विस्तार गरिनेछ।
- जिल्लामा स्थापना भएको सेफ हाउस सञ्चालनका लागि आवश्यक साझेदारी गरिनेछ ।
- बालश्रम न्युनीकरणका लागि अभियान चलाउने र होटल व्यवसायीहरुलाइ अभिमुखिकरण गरिनेछ ।
- बालमैत्री स्थानीय शासन घोषणाका लागि नगर तथा वडा स्तरको समितिलाई तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनुका साथै वालवालिकाको पार्श्वचित्र निर्माण गरिनेछ ।
- दलित समुदायको हक हित संरक्षण र गुनासो सम्वोधनका लागि नगरपालिका स्तरीय हेल्प डेस्कको स्थापना गरिनेछ ।
- दलित विपन्न समुदाय लक्षित आयआर्जनका कार्यक्रमहर सञ्चालन गरिनेछन ।
- ज्येष्ट नागरिक परिचयपत्र वितरणको कार्यक्रम आउदो आ.ब.मा सञ्चालन गरिनेछन ।

## २.५ सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता रकम बैंकमार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई प्रणालीमा अध्यावधिक विवरण सहितको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- व्यक्तिगत घटना दर्ताको पहुँच वृद्धि गराउनको लागि सबै वडाको टोल-टोलमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।
- १४ वटै वडामा घटना दर्ता कार्यलाई अनलाईन प्रणालीमा दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- व्यक्तिगत घटना दर्ताको २०७४ साल श्रावण भन्दा अगाडिको विवरण डिजिटाईज गरी घटना दर्ताको तथ्यांकलाई सुरक्षित, दिगो र पारदर्शी बनाईनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- वडा स्तरमा सरोकारवालाहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेशन गर्ने कायलाई निरन्तरता दिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गरेका लाभग्राहीहरुलाई सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता पूर्णता मापन तथा घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.६ बहुक्षेत्रीय पोषण योजना

- पोषणको जोखिममा रहेका परिवारको पहिचान गरि आर्थिक सहयोग संगै व्यवसायिक तालिम संचालन गरिनेछ।

- गर्भवती,सुत्केरी र स्तनपान गराईरहेका महिलाको पोषण पूर्ति सम्बन्धि वडा/टोल स्तरीय अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थाले प्रमाणित गरेका कुपोषित बालबालिकाको उपचारमा सहयोग गरिनेछ।
- पोषण व्यबहार परिवर्तन सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ
- सुनौला हजार दिनका परिवार र आमा समुहका सदस्यहरुलाई पोषण मैत्री खेतीबाली, तरकारी बगैचा तथा पशुपालन सम्बन्धि तालिम दिइनेछ।
- विद्यालयमा पोषण, सरसफाई तथा लागु औसध दुर्व्यसनी सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल क्लबका सदस्यहरुलाई पोषण चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३. पूर्वाधार विकास तथा शहरी विकास

- नगर क्षेत्रका उच्च मा.वि. मा.वि. तथा क्याम्पसहरुको स्तरोन्नति गर्ने गुरु योजना निर्माण गरी प्रदेश र संघीय सरकार संग बजेट व्यवस्थापनका लागि सहकार्य गर्दै योजना कार्यान्वयन गरिनेछ,
- नगर परिसरको स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाई कार्यान्वयन गरिनेछ,
- वडा कार्यालय भवन नभएका वडा कार्यालयको प्रशासनिक भवन निर्माण गरीनेछ,
- बुढीगङ्गा तटीय क्षेत्रको बस्ती र कृषियोग्य जमिन संरक्षण गर्न तारजाली, सिमेन्टेड वाल लगाउने कार्यका लागि आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश र संघीय सरकार संग सहकार्य गरिनेछ,
- कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुविधा पुर्याउन आवश्यक पहलकदमी चालिनेछ,
- नगरका विभिन्न प्रकृतिका निर्माण योजनाको लागि म्याचीङ फन्डको ब्यवस्था मिलाई योजनाहरु कार्यान्वयन गरिनेछ,

### ३.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

- घर नक्सा पास र घरबाटो प्रमाणित गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ,
- राष्टिय भूमि आयोगको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अब्यवस्थित बसोबासीको विवरण कार्य कम्प्युटर प्रविष्टि, निस्सा र नाप नक्शाको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ,
- साँफेबगर नगरपालिका भरीको सरकारी सार्वजनिक ऐलानी प्रति जग्गाहरुको संरक्षण तथा फिल्ड रेखांकन गर्ने कार्यलाई निरन्तरता दिइनेछ,
- नगरपालिका भित्र रहेका खरका छाना भएका घरहरुको तथ्याङ्क संकलन गरी खरमुक्त बनाउदै लगिनेछ ।

### ३.२ सडक, पुल तथा यातायात

- पालिका केन्द्र देखि प्रत्येक वडा कार्यालय सम्मका कच्ची सडकलाइ स्तरोन्नती गरि बाह्रै महिना सम्म सडक संचालन गर्न सकिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- साँफेबगर नगरपालिका क्षेत्र भित्रका सवै नगर सडकको स्तरोन्नति तथा DPR निर्माण गरिनेछ,
- नगर क्षेत्र भित्रका सडकहरुको गुरु योजना निर्माण गरिने साथै सडक पुग्न नसकेका यस नगरपालिकाका सवै टोल बस्तीलाई सडक संजालमा आबद्ध गरिनेछ,

### ३.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

- नेपाल बिद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा बिद्युतको पहुँच नपुगेका स्थानहरुमा बिद्युतीकरण गरि शतप्रतिसत विद्युत पहुँच पुर्याइनेछ ।
- साँफेबगर नगरपालिकाको हाटबजार, एयरपोर्ट बजार र अन्य बजार क्षेत्रमा सोलार सडक बत्तिहरुको मर्मत सम्भार र बिद्युत प्राधिकरणसँग सहकार्य गरी थप बिद्युतीय सडक बत्तिहरु जडान गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणको समन्वयमा नगर क्षेत्रमा अव्यवस्थित रुपमा रहेका विद्युतीय तार तथा पोलहरुको व्यवस्थापन गर्न पहल गरिनेछ ।

- वैकल्पिक उर्जाको उपयोग तथा प्रबर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**३.४ स्वःरोजगार तथा युवा प्रवर्द्धन कार्यक्रम**

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको परिपत्रअनुसार यस पालिकामा कार्यरत प्राविधिक सहायक र रोजगार सहायकलाई निरन्तरता दिनका लागि आवश्यक बजेट ब्यवस्था गरिनेछ,
- बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीका लागि सुचिकृत हुन रोजगार सेवा केन्द्रमा संलग्न गराउनका लागि स्थानीय तह संगको साझेदारीमा सामुदायिक योजनाहरु सञ्चालन गर्ने शत प्रतिशत साझेदारी गरिनेछ,
- युवा तथा उद्यमीहरुलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास प्रविधि हस्तान्तरण वितीय पहुँचमा सहजीकरण र वजारीकरणका कार्यक्रम संग क्रमश आवद्ध गराई रोजगारी अभिबृद्धिका कार्यक्रम संचालनमा गरिनेछ,
- उद्यमशीलता तथा स्वरोगारः रोजगारी सिर्जनाका लागि स्वरोजगार र साना तथा मझौला उद्यम व्यवसाय तथा सेवा क्षेत्रलाई प्राथमिकतामा राखि रोजगारीका कार्यक्रमहरु सिर्जना गर्नेमा पालिकालाई सहयोग गरिनेछ
- उप-मेयर उद्यमशिलता कार्यक्रम मार्फत नगरपालिकाको सम्पूर्ण वडाहरुमा र श्रम बजारको माग आवश्यकता अनुसार बेरोजगार यूवालाई श्रम बजारमा प्रवेश तथा स्वरोजगारको लागि सिपमूलक तालिम दिइ दक्ष बनाइनेछ,
- वैदेशिक रोजगारीमा जानेहरुको श्रम स्विकृति कार्यमा सहजीकरण गरिनुका साथै बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको ज्ञान र सीपको आधारमा कार्यक्रम सञ्चालन गरी पुनः स्थापना गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

**४.१ वन तथा जैविक विविधता**

- बन क्षेत्रको विकासका लागि नगर क्षेत्रका सामुदायिक बन उपभोक्ता समितिहरु बिचको समन्वयमा वन विकास सम्बन्धी योजना बनाईनेछ ।
- नगर क्षेत्रमा क्रियाशील सामुदायिक बन उपभोक्ता समितिहरुलाई नगरपालिकामा दर्ता गरी सामुदायिक वन उपभोक्ता समितिको नगर स्तरीय संजाल निर्माण गरी सो मार्फत वन विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक बनहरुलाई उत्पादनमूलक आयआर्जन क्रियाकलापमा जोडी वन पैदावरको उत्पादन तथा बिक्री सम्बन्धी बार्षिक कार्ययोजना निर्माण गरी उपभोक्ताहरुको क्षमता विकास गरिनेछ ।

**४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

- लिफ्ट सिंचाई प्रबिधिको सम्भावना भएका क्षेत्रहरुको पहिचान गरी सो पद्धतिको अवलम्वन गर्ने पहल गरिनेछ ।
- सिंचाइ सुविधा उपलब्ध भएको जग्गामा पक्की कुलो निर्माण गरी सिचाईमा पहुँच विस्तार गर्ने पहल गरिनेछ ।
- संघ र प्रदेश सरकारको समन्वयमा साँफेबगर नगरपालिका क्षेत्रमा बर्षेनी रुपमा हुने बुढीगंगा तथा अन्य नदी तथा खोलाहरुमा आउने बाढीको कटानबाट जोगाउन बाढी प्रभावित क्षेत्रहरुमा भू-संरक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- बुढिगंगा नदि तटिय क्षेत्रका वस्ती, खेतीयोग्य जमिन तथा धार्मिक पर्यटकीय क्षेत्रको संरक्षणका लागि तटबन्धन कार्यलाई निरन्तरता दिइनेछ,

**४.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन**

- वातावरण मैत्री विकासलाई प्राथमिकता दिदै पहिरो प्रभावित तथा सुख्खा र खाली क्षेत्रमा वृक्षारोपण गरिनेछ,
- सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन गरिनेछ ।
- जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गर्न तथा जलाधार क्षेत्रहरुको संरक्षणको लागि रिचार्ज पोखरीहरु निर्माण गरिनेछन ।

**४.४ महामारी तथा विपद् व्यवस्थापन**

- विपद् व्यवस्थापन समितिलाई आवश्यकता अनुसार समयसापेक्ष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ,
- विपद व्यवस्थापन कोषमा आवश्यकता अनुसार बजेट व्यवस्था गरिनेछ ।
- बुढिगंगा क्षेत्रमा पूर्व चेतावनी प्रणाली स्थापनाका लागि विपदको क्षेत्रमा कार्य गर्ने संघसंस्था तथा विकासका साझेदारहरु संग समन्वय गरिनेछ ।
- यस नगरपालिकामा बारम्बार हुने आगलागीजन्य घटनाहरु नियन्त्रण गर्न छिमेकी पालिकाहरुसंगको साझेदारीमा दमकल खरिद गरी सञ्चालनमा ल्याइने छ,
- लामो समयसम्म मानिसको शबलाई रात्न सकिने शब भण्डारण कक्ष (मोर्चुरी फ्रिजर) को व्यवस्थाका लागि पहल गरिनेछ ।
- स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र स्थापनाका लागि आवश्यक मापदण्ड तर्जुमा/परिमार्जन तथा उपकरण खरिद गरिनेछ,
- अन्य निकायसंगको समन्वयमा नगरक्षेत्र भित्र सम्भावित ठूला विपद्जन्य घटनालाई दृष्टिगत गरी त्यस्तो प्रकारको घटनाबाट प्रभावितहरुलाई खोज, उद्धार तथा राहतको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ,
- साँफेबगर नगरपालिकाको विपद् जोखिमको अवस्थालाई मध्येनजर गरी नगरपालिका तथा वडा कार्यालयहरुमा विपद् व्यवस्थापन सामग्रीको व्यवस्था मिलाइनेछ ।
- बहुप्रकोपमा आधारित पूर्ब तयारी तालिम संचालन गरिनेछ,
- पहिचान भैसकेको खुला क्षेत्रको संरक्षण तथा प्रबर्द्धनका लागि संघसंस्थाहरुसंग समन्वय गरीनेछ,
- आगलागी जन्य घटनाको पूर्वतयारीका लागि अग्नि नियन्त्रण सामग्रीको व्यवस्था मिलाई आवश्यक तालिम सञ्चालन गरिनेछ,
- विपद उत्थानशील नगर बनाउनको लागि आवश्यक नीति निर्माण गरिनेछ, यसको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था संग समन्वय गरिनेछ,

## ५. सुशासन तथा संस्थागत व्यवस्था

**५.१ सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

- नगरपालिकाको अर्ध/वार्षिक समिक्षा कार्यक्रम गरिनुका साथै नगरपालिका स्थापना दिवस मनाइनेछ ।
- प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिम तथा अभिमूखिकरणको आयोजना गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवाहरुलाई डिजीटाइजेशन गर्ने गरी एकीकृत तथा अन्तर-आवद्द प्रविधि तथा तथ्याङ्क भण्डार र यसको विकासमा जोड दिइनेछ ।
- सार्बजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण र सामाजिक परिक्षणका माध्यमबाट सार्वजनिक सेवा प्रवाहमा सुधार गर्दै मितव्ययी, पारदर्शी एवं उत्तरदायी प्रशासनमा जोड दिइनेछ ।
- टोल विकास संस्थाहरुलाई आवश्यकता औचित्यताको आधारमा साधन स्रोत परिचालन गरी क्षमता विकास गरिनेछ ।

- नगरपालिकाको आवधिक योजना निर्माण एबं नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त र मजबुत बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्माण एबं कार्यान्वयन गरिनेछ,

**५.२ सङ्गठनात्मक विकास**

- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- न्यून तलब भएका यस नगरपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकमा हेरफेर गरी बजारभाउ अनुसार तलब बृद्धि गरी कर्मचारीहरुलाई कार्यालयको कार्यमा उत्प्रेरित गरिनेछ,
- असल अभ्यासहरुलाई ग्रहण गरी कार्यान्यन गर्न कर्मचारी र जनप्रतिनिधि सहितको अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको सीप, क्षमता तथा ज्ञानको विकासमा जोड दिई कर्मचारीलाई सक्षम र सवल सहित प्रशासनिक तथा प्राविधिक कर्मचारीलाई प्रविधिमैत्री क्षमता विकास तालिम दिइनेछ ।
- कर्मचारी लाई उत्प्रेरित गर्न मौद्रिक तथा अमौद्रिक सुविधाहरु थप गरिनुका साथै कर्मचारी आवासका लागि यसै आ.व. मा कार्य अगाडि बढाइनेछ,

**५.३ सूचना, सञ्चार तथा प्रविधि**

- शासकीय सुधार, विकास निर्माण, सेवा प्रवाह, लगायतका सूचनाहरु आम नागरिकसम्म सहज र सरल रुपमा पुर्याउन सञ्चार माध्यम एवम् प्रेष जगतसँग सहकार्य गरिनेछ।
- सार्वजनिक महत्व एवम् सरोकारका विषयमा आम नागरिकलाई जागरुक र सुसूचित गराउन सो सम्बन्धी कार्यक्रम उत्पादन र प्रसारणमा सार्वजनिक तथा निजी रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चार माध्यमसँग सहकार्य गरिनेछ।
- सूचना प्रविधिमा आधारित संघ संस्था, उद्योग दर्ता तथा नवीकरण र राजश्च भुक्तानी लगायतका सेवाहरूलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ।
- स्थानीय सरकारको भिजन, विकासका उपलब्धि तथा स्थानीय तहको समग्र प्रगति स्मरणीय र दस्तावेजीकरण गर्न एक प्रभावशाली डकुमेन्ट्री भिडियो निर्माण गरिनेछ। यस कार्यका लागि स्थानीय सरकारको अग्रसरता र आवश्यक पहलहरू सुनिश्चित गरिनेछ।
- नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा विद्यार्थीहरुलाई ICT सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।
- नगरपालिकाको कार्यालयमा डिजिटल सूचना पाटी, LED Board, बैठक तथा सेमिनारका लागि गुणस्तरिय Interactive SMART Board, लगायत व्यवस्था गरिनेछ।
- उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट सेवा आधुनिक सूचना प्रवाह, डिजिटल शिक्षा, स्वास्थ्य सेवा, प्रशासनिक दक्षता र उद्यमशीलता प्रवर्द्धनको आधार भएकाले नगरपालिका भित्र यसको पहुँच विस्तार गर्ने यस उद्देश्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहकार्यका रूपमा नेपाल टेलिकमसँग मिलेर क्रमिक रूपमा इन्टरनेट सेवा स्थापना गरि टोलस्तरमै सेवा पुऱ्याउन आवश्यक पूर्वाधार निर्माण, उपकरण व्यवस्थापन तथा सेवा सुलभ र सस्तो बनाउने विषयमा नेपाल टेलिकम र स्थानीय सरकारबीच समन्वयात्मक पहल गरिनेछ।

**५.४ श्रोत परिचालन**

- राजस्व परिचालन सम्बन्धी नीति, ऐन, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी राजस्व परिचालन अनुगमन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अन्तर स्थानीय तह, संघिय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकाश साझेदार समन्वय तथा अन्तर सम्बाद कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यवसाय दर्ता/घर वहाल कर/फोहोर मैला ब्यवस्थापन तथा घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

- राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण संचालन तथा कर्मचारी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- राजस्व परामर्श समिति तथा शाखा सुद्दढीकरण कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- करदाता शिक्षा/करदाता प्रोत्साहन जस्ता कार्यक्रमहरु गरिनेछन,
- करदाताको विवरण विद्युतीय माध्यमद्वारा कर प्रणालीमा आवद्ध गरी व्यक्तिगत कर पहिचान नम्वर प्रदान गर्ने तर्फ प्रयत्न गरिने छ ।
- राजश्व सुधार सम्बन्धी चौमासिक रुपमा समिक्षा गरि नगरपालिकाको आन्तरिक स्रोत बृद्धिका लागि करको दायरा बढाउन करदाता दर्ता अभियानको रुपमा संचालन गरिनेछ ।
- सम्पति कर, घर बहाल कर, बहाल बिटौरी कर, व्यवसाय कर लगायत अन्य सम्पूर्ण क्षेत्रलाई करको दायरामा ल्याईनेछ ।
- कर प्रशासनलाई चुस्त, सरल र प्रविधिमैत्री बनाई करदाताको अधिकतम सहभागिता सुनिश्चित गरिनेछ ।
- राजश्व प्राणालीलाई आधुनिक प्रविधिको प्रयोग मार्फत न्यायपूर्ण एवं पारदर्शी बनाई नगरपालिकाको आन्तरिक आय बढाउने प्रयत्न गरिने छ ।
- सम्पति कर लागू हुन बाँकी रहेका वडाहरुलाई सम्पति करको दायरामा ल्याईनेछ ।

**५.५ योजना व्यवस्थापन**

- नगर भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षणका लागि विभिन्न चरणमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- सफल र उदाहरणीय कार्य सम्पन्न गर्ने योजना निर्माण उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।
- उपभोक्ता समितिहरुलाई आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।

**५.६ न्यायिक समिति**

- मेलमिलाप सम्बन्धी आधारभुत तथा पुनर्ताजगी तालिम संचालन गरी वडामा रहेका मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ,
- मेलमिलाप केन्द्रहरुमा आवश्यकता तथा औचित्यताको आधारमा साधन स्रोत उपलब्ध गराइनेछ,
- मेलमिलाप केन्द्रहरुको प्रभावकारी अनुगमन तथा नियमनको व्यवस्था मिलाइनेछ,
- न्यायिक समिति, कार्यपालिका, कानुन शाखा, मेलमिलापकर्ताका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलाप कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरी मेलमिलापकर्ताहरुलाई परिचालन गरिनेछ ।
- न्यायिक समितिमा आउने विवादहरुको सरल र सहजरुपमा समाधानको लागि माकुरा समूह सँग सहकार्य गरिनेछ ।
- न्यायिक समिति, कानुन शाखा, मेलमिलापकर्ता र माकुरा समूहको सिकाई तथा अन्य स्थानीय तहका असल अभ्यासको बारेमा जानकारी हासिल गर्न अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको काम, कर्तव्य र अधिकारको बारेमा समुदायमा अन्तर्क्रिया तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- साँफेबगर नगरपालिकाको आवश्यकता र औचित्यताको आधारमा ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति, रणनीति तथा मापदण्डहरु निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- प्रहरी साझेदारी कार्यक्रमलाई सहकार्य गरी चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

**सभा अध्यक्षज्यू,**

**नगरसभा सदस्यज्यू,**

अन्तमा साँफेबगर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले समेट्न नसकेको क्षेत्र परिस्थिती अनुरुप आत्मसात गर्दै परिणाममुखी कार्यलाई प्राथमिकतामा राख्ने नीति लिइनेछ र नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रमा नपरेका क्षेत्रको व्यवस्थापन गर्दै आर्थिक, सामाजिक, राजनीतिक विकासको कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यमा सबै क्षेत्रको उत्तिकै रुपमा साथ सहयोगको अपेक्षा गर्दै नीति कार्यक्रम निर्माणमा सहयोग पुर्याउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

शिव बहादुर कुँवर
नगर उप-प्रमुख